# नेपाल राजपत्र

## भाग ३

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**खण्ड २६] काठमाडौं, जेठ ३ गते २०३३ साल [अतिरिक्ताङ्क ३(क)**

### गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिको
### सूचना

जिल्ला पञ्चायतका सदस्यहरूको आचार संहिता, २०३३

गाउँफर्क राष्ट्रिय अभियान, केन्द्रीय समिति नियमावली, २०३२ को नियम १३ ले दिएको अधिकार प्रयोग गरी गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले जिल्ला पञ्चायतका सदस्यहरूको लागि देहाय बमोजिमको आचार संहिता प्रकाशित गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस संहिताको नाम "जिल्ला पञ्चायतका सदस्यहरूको आचार संहिता, २०३३" रहेको छ ।

(२) यो संहिता तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– "सदस्य" भन्नाले जिल्ला पञ्चायतका सदस्यलाई सम्झनु पर्छ र यो शब्दले जिल्ला पञ्चायतका सभापति तथा उप-सभापति समेतलाई जनाउँछ ।

३. संहिताको पालनः– (१) प्रत्येक सदस्यले यो संहितामा लेखिएका कुराको पालन गर्नु पर्नेछ ।

(२) कुनै सदस्यले यो संहितामा लेखिएका कुनै कुराको प्रतिकूल आचरण गरेमा निजले आफ्नो पद अनुसारको आचरण नगरेको मानिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. उच्च आदर्श कायम राख्नु पर्ने:– सदस्यले सच्चाइ र ईमान्दारीको उच्च आदर्शलाई अँगाली आफ्नो ओहदाको मर्यादा सुहाउँदो आचरण गर्नु पर्छ ।

५. राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता आदिको प्रतिकूल काम गर्न नहुने:– सदस्यले राष्ट्रिय स्वतन्त्रता, एकता, सार्वभौमसत्ता तथा अधिराज्यको अखण्डताप्रति आँच आउने कुनै किसिमको काम गर्न हुँदैन र मुलुकलाई खण्डित गर्ने उद्देश्यले जनताको बीच फूट पैदा गर्ने कुनै पनि व्यक्तिको कोशिसलाई तत्परतासाथ विरोध गर्नु पर्छ ।

६. राजसंस्थाप्रति अनास्था पैदा गर्न नहुने:– सदस्यले राजसंस्थाप्रति अनास्था पैदा हुने कुनै काम कुरा गर्न हुँदैन र राजभक्ति देशभक्ति तथा राष्ट्रिय भावनामा आँच आउने काममा जनतालाई प्रोत्साहन गर्न समेत हुँदैन ।

७. निर्दलीयतालाई विकसित र सुदृढ पार्नु पर्ने:– सदस्यले दलविहीन प्रजातान्त्रिक पञ्चायती व्यवस्थाको बोध जनतालाई गराई निर्दलीय भावनालाई विकसित र सुदृढ पार्नुपर्छ र निर्दलीयताको विरुद्ध कुनै काम गर्नु हुँदैन ।

८. पञ्चायत प्रणालीको सिद्धान्तको विपरित काम गर्न नहुने:– सदस्यले पञ्चायत प्रणालीका सिद्धान्तको विपरित हुने कुनै काम गर्नु हुँदैन र सो प्रणालीप्रति कुनै किसिमको भ्रम फैलाउन समेत हुँदैन ।

९. जिल्ला पञ्चायतको प्रतिष्ठामा धक्का पुग्ने काम गर्न नहुने:– सदस्यले जिल्ला पञ्चायतको सदस्यको हैसियतले आफूले गर्नुपर्ने काम जिम्मेवारीपूर्वक गर्नु पर्नेछ र जिल्ला पञ्चायतको प्रतिष्ठामा धक्का पुग्न सक्ने कुनै काम कुरा गर्न हुँदैन ।

१०. राष्ट्रको स्वार्थलाई सर्वोपरि राख्नु पर्ने:– सदस्यले जाति, धर्म, वर्ण, समुदाय वा क्षेत्रको संकुचित स्वार्थभन्दा राष्ट्रको स्वार्थलाई सर्वोपरि राख्नुपर्छ ।

११. आर्थिक वा कुनै सहायता प्राप्त गर्न नहुने:– सदस्यले कुनै कुराको समर्थन वा विरोध गर्ने भनी वा त्यस्तो समर्थन वा विरोध गरे बापत आर्थिक वा अन्य कुनै प्रकारको लाभ वा सहायता कसैसंग माग गर्न हुँदैन र त्यस्तो लाभ वा सहायता प्राप्त गर्न समेत हुँदैन ।

१२. व्यक्तिगत स्वार्थको निमित्त वादविवाद उठाउन नहुने:– सदस्यले सार्वजनिक हितसित सम्बद्ध नभएको विषयलाई आफ्नो व्यक्तिगत वा संकुचित स्वार्थपूर्तिको निमित्त सार्वजनिक विषयको रूपमा खडा गरी अनावश्यक वादविवाद उठाउन हुँदैन ।

१३. अनुचित प्रभाव पार्न नहुने:– सदस्यले न्याय प्रशासनमा कुनै तवरले अनुचित प्रभाव पार्न वा आफ्नो संकुचित स्वार्थ पूरा गर्ने उद्देश्यले श्री ५ को सरकारको दैनिक प्रशासनमा खलल गर्नु हुँदैन ।

१४. विदेशी प्रभावबाट मुक्त रहनु पर्ने:– सदस्यले आफ्नो काम कर्तव्यको पालना गर्दा विदेशी प्रभावबाट प्रेरित हुनु हुँदैन ।

मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. सार्वजनिक रकम हिनामिना गर्न नहुने:– सदस्यले कुनै अवस्थामा पनि आफ्नो जिल्ला वा गाउँको विकासका लागि श्री ५ को सरकारका तर्फबाट दिइने रकम, चन्दा संकलनबाट जम्मा गरिएको रकम वा आफ्नो जिम्मामा रहेका अन्य सार्वजनिक रकम हिनामिना गर्न वा निजी कामको लागि उपयोग गर्न हुँदैन ।

१६. नियुक्ति, बर्खासीको लागि भनसुन गर्न नहुने:– सदस्यले व्यक्तिगत स्वार्थले प्रेरित भै वा कसैको अनुचित प्रभावमा परी कुनै व्यक्तिलाई सरकारी वा सार्वजनिक सेवामा नियुक्ति, सरूवा, बढुवा वा वर्खास्त बारे भनसुन गर्न हुँदैन ।

१७. सार्वजनिक सम्पत्तिको दुरूपयोग गर्न नहुने:– सदस्यले सार्वजनिक सम्पत्तिको नोक्सानी वा दुरूपयोग गर्नु हुँदैन ।

१८. अनुचित लाभ उठाउन नहुने – सदस्यले आफ्नो पदको प्रभाव देखाई अनुचित लाभ उठाउने काम गर्नु हुँदैन ।

१९. पञ्चायती व्यवस्थाको प्रतिकूल भएमा विरोध गर्नु पर्ने:– सदस्यले आफू उपस्थित भएको ठाउँमा पञ्चायती व्यवस्थाको प्रतिकूल हुने काम कुरा भएमा त्यसको तुरून्त विरोध वा वहिष्कार गर्नुपर्छ ।

२०. गुटवन्दी गर्न नहुने:– सदस्यले पञ्च कार्यकर्ताहरूको बीच कुनै किसिमको गुटवन्दी गर्नु हुँदैन ।

२१. पञ्चायत र वर्गीय संगठनहरूका बीच सामन्जस्यको प्रतिकूल काम गर्न नहुने:– सदस्यले पञ्चायत तथा वर्गीय संगठनहरूका बीच सामन्जस्यको विपरित हुने कुनै काम कुरा गर्नु हुँदैन ।

२२. विकासको काममा बाधा पुऱ्याउन नहुने:– सदस्यले देश विकासका निम्ति हरसंभव उपायले सहयोग गर्नुपर्छ र श्री ५ को सरकारबाट वा स्थानीय जनसहयोगबाट संचालन गरिने कुनै पनि विकाससम्बन्धी काम वा योजनाहरूको विरोध गर्ने वा बाधा पुऱ्याउने कुनै पनि काम कुरा गर्न हुँदैन ।

२३. पञ्च कार्यकर्ताहरूप्रति सहयोगी हुनु पर्ने:– सदस्यले आफ्नो जिल्लाको प्रत्येक तहका पञ्च कार्यकर्ताहरूप्रति सहयोगीको रूपमा व्यवहार गर्नुपर्छ र प्रत्येक तहका पञ्चकार्यकर्ताहरूलाई एक अर्काको सहयोगीको रूपमा रहन र सो अनुसारको आचरण गर्न प्रेरित गर्नु पर्छ ।

२४. समस्याहरूको बोध गराउनु पर्ने:– सदस्यले आफू निर्वाचित भै आएको क्षेत्रको तथा गाउँको समस्याहरू तथा सो क्षेत्र वा गाउँका जनतालाई परेको वास्तविक पीर मर्काहरू जिल्ला पञ्चायत ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम जिल्ला पञ्चायतमा पुऱ्याई दिनुपर्छ र जिल्ला पञ्चायतमा व्यक्त गरिएका नीति तथा कार्यक्रमहरू आफ्नो क्षेत्र वा गाउँका जनतालाई सहीरूपमा बोध गराउनु पर्छ ।

मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. श्री ५ को सरकारको नीतिबारे भ्रम फैलाउन नहुने:– सदस्यले जिल्ला पञ्चायत, जिल्ला सभा, पञ्चायतका अन्य निकायहरू र पञ्च भेला जस्ता निर्दिष्ट स्थानहरूमा बाहेक अन्य स्थानहरूमा श्री ५ को सरकारको नीति वा कार्यक्रमहरूको आलोचना वा निन्दा गरी जनसाधारणमा भ्रम फैलाउन हुँदैन ।

२६. गाउँफर्क राष्ट्रिय अभियानप्रति मर्यादा:– (१) सदस्यले गाउँफर्क राष्ट्रिय अभियानप्रति पूर्ण आस्था राख्नु पर्छ र गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति, अञ्चल समिति तथा जिल्ला समितिको निर्देशनलाई पालन गर्नुपर्छ ।

(२) सदस्यले गाउँफर्क राष्ट्रिय अभियानको कार्यक्रम अन्तर्गत अनिवार्यरूपले गर्नु पर्ने भनी तोकेको काम गर्नु पर्नेछ ।

(३) सदस्यले गाउँफर्क राष्ट्रिय अभियानको आवश्यकता र महत्त्व सर्वसाधारण जनतालाई बोध गराई तदनुरूप आचरण गर्न प्रोत्साहन गर्नुपर्छ ।

२७. संहितामा निषेध गरिएको काम अरूबाट गराउन नहुने:– यस संहितामा सदस्यले गर्न नहुने भनी निषेध गरिएको कुनै काम कुरा गर्ने उद्योग गर्ने, अरूबाट गराउने वा सो गर्न अरूलाई दुरूत्साहन दिन समेत हुँदैन ।

आज्ञाले–

डा. मोहम्मद मोहसिन

सदस्य–सचिव

गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समिति